म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १४४ बुधबार १८ पुस २०८० ने. सं. ११४४ बिल्लागा 3 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

भीरबाट लडेर थापा मगरको मृत्यु

हेटौंडा, १७ पुस/हेटौंडा उपमहानगरपालिकामा भीरबाट लडेर १ जनाको मृत्यु भएको छ । हेटौंडा-१२, घरेटीडाँडामा भीरबाट लडेर हेटौंडा-१२, पदमपोखरीका ५५ वर्षीय कृष्णबहादुर थापामगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मगर आइतबारदेखि घरपरिवारबाट सम्पर्कविहिन भएका थिए । आइतबार रातिदेखि सम्पर्कविहिन भएका उनको खोजीको क्रममा मंगलबार बिहान घरेटीडाँडाको भीरबाट २ सय मिटर तल लडी मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

सर्वोच्चद्वारा रिट खारेजी, सडक फराकिलो पार्ने बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/पूर्वपश्चिम राजमार्ग फराकिलो बनाउने कार्यमा डिभिजन सडक कार्यालयलाई बोटो खुलेको छ । डिभिजन सडक कार्यालयले हेटौंडा बजारक्षेत्रमा २५ मिटर सडक विस्तार गर्न गएको असार १० गते राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गरी काम अघि बढाउने तयारी थालेको थियो । तर, क्षतिपूर्ति र व्यवसायीको समस्याको विषयमा घरधनीहरूले सर्वोच्च अदालतमा रिट निबेदन दर्ता गराएका थिए ।

करिव तीन सय जना घरधनीले दर्ता गराएको रिट निबेदन मंगलबार सर्वोच्च अदालतले एकसाथ खारेजी गरेको छ । हेटौंडा बजार क्षेत्रको २५ मिटर सडक विस्तार सम्बन्धी सर्वोच्च अदालतमा परेको रिट खारेज भएको हो । मंलवार बसेको सर्वोच्च अदालतका न्यायधीश सारङ्गा सुवेदी र न्यायधीश सुनिल कुमार पोखरेलको संयुक्त इजलासले सडक विस्तार सम्बन्धमा दर्ता भएका सम्पूर्ण रिटहरु खारेज गर्ने निर्णय गरेको हो ।

न्यायधीशद्वय सुवेदी र पोखरेलको संयुक्त इजलासले गत असार ३१ गतेदेखि साउन २४ सम्मा दर्ता भएका हेटौंडा बजार क्षेत्रअन्तर्गत गर्ने राजमार्गको सडक विस्तारविरुद्धका ३०० बढी रिट निवेदकका ३२ वटा रिट निबेदन खारेज गर्ने निर्णय गरेको हो । यो आदेशको पूर्ण पाठ आउन केही महिना लाग्नसक्ने भएकोले फैसलामा के भनिएको छ यकिन गर्न नसकिने तर, गत असार ३१ देखि साउन २४ सम्मको रिट निबेदन खारेजीले सडक फराकिलो बनाउने बाटो खुलेको अधिवक्ताहरुले बताएका छन् । पुनराबेदन बार एसोसियसनका पूर्वअध्यक्ष अधिवक्ता मदन दाहाल भन्छन्-'सवर्कोच्चले यसअघिका फैसलामा मुआब्जा नपाएकाहरुको हकमा मुआब्जा उपलब्ध गराउनू भन्ने फैसला पनि गरेको छ ।' त्यसैले कसले मुआब्जा पाएका छन् र कसले लिन बाँकी रहेको छ भन्ने कुरा

डिभिजन सडकलगायतका निकायसँग तथ्यांक हुनुपर्छ । स्थानीय सरकारको रुपमा हेटौंडा उपमहानगरपालिकाले आवश्यक पहल र समन्वय गरिरहेर्को उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले बताए । हेटौंडा बजार क्षेत्रको मुख्य सडकको २५-२५ मिटर विस्तार गर्न उपमहानगरका जनप्रतिनिधि एकमत छन् ।

हेटौंडा उपमहानगर पालिकाको १३ औं नगरसभाको दोस्रो बैठकमा पेश भएको सडक विस्तार सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतले पारित गरेको थियो । सडक विस्तार अपरिहार्य भएको बताउँदै आएकी मेयर मीनाकुमारी लामाले गरेको प्रस्तावमा सबै जनप्रतिनिधि एकसाथ सडक विस्तारको पक्षमा उभिएका थिए ।

हेटौंडाको मुख्य राजमार्गमा पर्ने सडक दायाँबायाँ २५-२५ मिटर विस्तार गर्न संघीय सरकार मातहतको सडक डिभिजन कार्यालय हेटौंडाले गउको असारमा सूचना जारी गरेको थियो । सूचना जारी भएपछि हेटौंडामा सडक विस्तारले व्यापक चर्चा बटुलिरहेको छ । लामो समयदेखि चर्चामा रहेको हेटौंडा बजार क्षेत्रको सडक विस्तारका लागि हेटौंडा उपमहानगरपालिका जनप्रतिनिधि सहमत भएपछि सडक फराकिलो हुने सम्भावना बढी छ ।

हेटौंडा बजारको मुख्य सडक विस्तार गर्ने योजना आजभन्दा तीन दशक अघिकै हो । तर, यतिका वर्षसम्म पटक-पटक सडक विस्तारको सूचना निकिलयो सडक फराकिलो बन्न सकेको छैन । एसियाली विकास बैंकको लगानीमा विस्तार तथा निर्माण हुने पूर्वपश्चिम राजमार्जको हेटौंडा बजार क्षेत्रका लामो सयमदेखि विवाद रहँदै आएको थियो । विवादका कारण अदालतसम्म पुगेका हेटौंडा बजार क्षेत्रका बासिन्दालाई २५ गजसम्म भत्काउन सकिने भन्दै आएको निर्णय कार्यान्वयन हुन नसकेर रोकिएको समयमा जनप्रतिनिधिको सहमति जुटेको थियो ।

एसियाली विकास बैंक हेटौंडा बजारलाई छोडेर पथलैयाबाट कर्रापुल र राप्ती पुल पारिबाट पश्चिम क्षेत्रको सडकमा मात्र ठेक्का गर्ने पक्षमा पुगेकाले बजार संकटमा पर्ने अवस्था आएको बताइन्छ । हेटौंडा बजार विस्तार आवश्यक रहेको छ । हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि बढेको सवारी चाप र जनघनत्वले यहाँको सडक विस्तार अपरिहार्य जस्तै बनेको छ ।

सडक विस्तार गर्ने बलियो शक्ति कुन निकायसँग छ ? भन्दै नगरबासी नै सोधिरहन्छन् । संघीय सरकारदेखि प्रदेश र स्थानीय तहले बजार क्षेत्रको मुख्य सडक विस्तारमा कुनै विकल्प नभएको बताउँदै आएका छन् । सडक विस्तारमा संघीय सरकार, प्रदेश सरकार र हेटौंडा उपमहानगर पालिका एकढिक्का हुन जरुरी छ । हेटौंडा-१४ महेन्द्र राजमार्गको रातोमाटे-बुढ्चोक, राप्तीपुलसम्मको सडकसीमा सडक केन्द्रबाट २५/२५ मिटर दायाँ-बायाँ कायम भएको कुरा सर्वविदितै छ ।

सडक सीमाभित्र घर-टहरा निर्माण गर्न नाली पुरेर प्रवेश मार्ग बनाउन, सडक संरचना भत्काउन, ढल तथा पानी सडक तथा सडक किनारको नालामा मिसाउन कुनै प्रकारको स्वीकृति बिना बनेका संरचना तथा यस्तै प्रकृतिका अन्य यातायात संचालन एवम् सडक प्रयोगकर्तालाई अवरोध पुग्ने कार्य गर्न सार्वजनिक सडक ऐन २०३१ ले निषेध गरेको छ ।

यसअघि सर्वोच्च अदालतले २५/२५ गज भत्काउन मिल्ने र त्यसभन्दा बढी भत्काउन परे क्षतिपूर्ति दिनुपर्ने भनि उल्लेषण आदेश दिएको थियो । अदालतकै आदेशलाई टेकेर सडक कार्यालयले २५/२५ गज सडक भत्काउने तयारी गरेको थियो । २५ गज भन्नाले २२ दशमलब ८६ मिटर फराकिलो हुने डिभिजन कार्यालयले जनाएको छ । सर्वोच्च अदालतको मिति २०७८-०९-१९ को उत्प्रेषण आदेशमासमेत खण्डको सडकसीमा केन्द्रबिन्दुबाट २५/२५ गज (७५/७५ फिट) कायम भएको उल्लेख भएको हुँदा यसभित्र बनेका स्थायी/अस्थायी घर-टहरा तथा अन्य संरचना भत्काउन यस अगाडि विभिन्न मितिमा सूचना जारी हुँदा पनि काम हुन सकेको थिएन ।

हेटौंडा अस्पतालमा २ सय ७६ किशोरी आमा बने

निशा गुरुङ

हेटौंडा, १७ पुस/मकवानपुरमा बालविवाह नरोकिँदा सानो उमेरमा नै किशोरीहरु आमा बन्ने गरेका छन् । स्थानीय सरकारले बालविवाह रोक्न विभिन्न कार्यक्रम संचालन गरे पनि यस प्रकारका विवाह रोकिएको छैन, जसकारण कलिलो उमेरमे विवाह हुँदा २० वर्ष मुनिका किशोरीहरु आमा बन्नेको संख्या बढ्दो अवस्थामा छ ।

हेटौंडा अस्पतालमा गत आर्थिक वर्षमा २० वर्षमुनिका २ सय ७६ जना किशोरी आमा बनेका छन् । आव ०७९/८० मा हेटौंडा अस्पतालमा ३ हजार ९ सय १ जना सुत्केरी भएका छन् । तीमध्ये २० वर्षमुनिका २ सय ७६ जना किशोरी रहेको अस्पतालले जनाएको छ । हेटौंडा अस्पतालका अनुसार सबैभन्दा कम उमेरका १६ वर्षका चार किशोरी आमा बनेका थिए । उपमहानगर भित्र गत आवमा २० वर्षमुनिका ३ सय ३० किशोरीले पहिलोपटक आफ्नो गर्भ जाँच गराएका थिए । चारपटक गर्भ जाँच गराउने किशोरीको संख्या २ सय ८० छ ।

अघिल्लो आवमा हेटौंडाभित्र २० वर्षभन्दा कम उमेरका ५ सय २७ किशोरीले पहिलोपटक गर्भ परीक्षण गराएका थिए । तीमध्ये १ सय ७९ जनाले मात्र चारपटक गर्भ जाँच गराएको हेटौंडा अस्पतालका चिकित्सक डा. हरि खड्काले बताए । २० वर्षभन्दा माथिका ३ हजार ६ सय ६७ महिलाले गत आवमा पहिलोपटक गर्भ जाँच गराएका छन् । जसमध्ये २ हजार ८७ ले ४ पटक गर्भ जाँच गरेका छन् । अघिल्लो आवमा २० वर्षभन्दा बढी उमेरका २ हजार ७ सय २८ महिलाले पहिलोपटक गर्भ जाँच गरेका थिए । जसमध्ये ४ पटकसम्म १ हजार ३ सय ८९ ले गर्भ जाँच गराएका थिए ।

गर्भावस्थाका बारेमा पहिलोपटक परीक्षण गर्नेको संख्या उल्लेख्य भए पनि ४ पटक गर्भ जाँच गराउने महिलाको संख्या भने निकै कम देखिन्छ । ४ पटक गर्भ जाँच गराउनेलाई सरकारले प्रोत्साहनस्वरुप यातायात खर्च प्रदान गर्दै आएको छ ।

नियमित गर्भ जाँच गर्दा भ्रुणको अवस्था, गर्भवतीको स्वास्थ्यसँगै आवश्यक सुई लगाउने, औषधि खुवाउने र पोषणसम्बन्धी अभिमुखीकरणसमेत गराउने गरिन्छ । 'यो तथ्यांकले समुदायमा विद्यमान बालविवाहको अवस्था झल्किन्छ,' डा. खड्काले भने । कम उमेरमै गर्भवती हुँदा आमा र शिशुको स्वास्थ्यमा धेरै खालको असर पर्ने र ज्यानसमेत जोखिम हुने उनले बताए ।

चालु आवको पहिलो महिना अर्थात् साउनमा हेटौंडा अस्पतालमा चार सय महिला सुत्केरी भएका छन् । तीमध्ये ५७ जना २० वर्षमुनिका रहेको अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. रामकाजी महर्जनले बताए । १६ वर्षमा बिहे भएकी २० वर्षीया एक युवतीले अस्पतालमै शल्यक्रिया गरेर तेस्रो सन्तान जन्माएकी थिइन् । २० वर्षभन्दा कम उमेरको विवाह गैर कानुनी भए पनि समाजमा बालविवाह रोकिन सकेको छैन । १९ वडामा विभाजित हेटौंडा उपमहानगरभित्र विकट ग्रामीण बस्ती पनि छन् ।

उपमहानगर प्रमुख मीनाकुमारी लामाले हेटौंडा उपमहानगरमा विकट र साबिकका ५ गाविस मिसिएर बनेको भन्दै त्यस्ता शिक्षा र चेतनाको कमीका कारण बालविवाह पूरै हटन नसकेको बताइन् । उपमहानगरभित्र गत आवमा २० वर्षभन्दा कम उमेरका १ सय १ जना गर्भवतीले औषधिका माध्यमबाट गर्भपतन गराएका छन् भने शल्यक्रिया गरी १ सय ५ जनाले गर्भपतन गराएका थिए । अघिल्लो आवमा २० वर्षमुनिका ९६ जनाले औषधिको प्रयोग गरी गर्भपतन गराएका थिए भने १ सय २६ जनाले शल्यक्रिया गरी गर्भपतन गराएका थिए ।

मकवानपुरको उत्तर पश्चिमी क्षेत्रमा पर्ने राक्सिराङ, कैलाश गाउँपालिका र पूर्वी क्षेत्रमा पर्ने बकैया र बागमती गाउँपालिकामा पनि उमेर नपुग्दै बिहे गर्ने र किशोरावस्थामै आमा बन्नेको संख्या उल्लेख्य छ । बालविवाह रोक्न नसकेसम्म किशोरी आमाको संख्या कम गर्न चुनौतीपूर्ण बनेको बागमती प्रदेश सामाजिक विकास मन्त्रालयकी अधिकृत चन्दा श्रेष्ठले बताइन् ।

९४ जना विद्यार्थीलाई न्यानो कपडा

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाँउपालिकामा न्यानो कपडा वितरण गरिएको छ । मंगलबार बागमती गाँउपालिका-८ स्थित श्रीभैरव प्राथमिक विद्यालयका ९४ जना विद्यार्थीलाई न्यानो कपडाका साथै शैक्षिक साम्रगी वितरण गरिएको हो ।

सहयोगापेक्षी विद्यार्थीलाई आवश्यक न्यानो कपडा वितरण गर्ने कार्यक्रमअर्न्तगत यो कार्यक्रमको आयोजना गरिएको डिभाईन युथ क्लब नेपाल हेटौंडाका संयोजक विवेक सुवेदीले जानकारी दिए । डिभाईन युथ क्लबको आयोजनामा भएको कार्यक्रममा बागमती गाँउपालिकाका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बागमती गाँउपालिका-८ का वडाध्यक्ष इन्द्रमणि तिमल्सिना, बागमती गाँउपालिका पशुसेवा शाखाप्रमुख राजेन्द्र गोले, वडा नम्बर ८ का वडासदस्य जयबहादुर लोञ्चन, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामलाल सिंतान, विद्यालयका प्रधानाध्यापक हेमु रानामगर, विद्यालय व्यवस्थापन समितिका सदस्य सन्तबहादुर सिंतान, सिर्जना वाईबालगायतको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.
HATEMALO SAVING & CREDIT CO-OPERATIVE LTD.
हेटौंडा-२, संगमचोक, मकवानपुर
फोन नं. : ०५७-५२६५२१, ९८५५०७६५२१

कर्जा चुका गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०।०९।१८)

यस हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले कर्जा लिँदाको बखत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम नियमित बझाउनुपर्ने साँवा, ब्याज लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवम् लिखित रुपमा सूचना गरी ताकेता गरेको र सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्नतर्फ कुनै चासो नदेखाई वेवास्ता गरी बसेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ताको लागि आह्वान गरिएको छ । उल्लेखित म्याद भित्र पनि तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन-२०७४, सहकारी नियमावली-२०७५ र संस्थाको ऋण नीति-२०८० तथा प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य जायजेथा जो जे बाट हुन्छ असुल उपर गरिनेछ र कालोसूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ । थप जानकारीको लागि संस्थामा सम्पर्क राख्नुहोला ।

तपशिल

क.सं	ऋणीको विवरण/ठेगाना	ना.प्र.नं./जिल्ला/मिति	धितोको विवरण	फोटो
१.	(स.नं.८२६) शान्ता दाहाल (श्रेष्ठ) हेटौंडा-५, सानोपोखरा बाबु: ईन्द्रप्रसाद दाहाल पति: वेत ब. श्रेष्ठ	३१७०२३ ७४१६० मकवानपुर २०६७।०४।२६	साविक बसामाडी-८ कि.नं.९४५ र ९४६, क्षे.१-१२-०-० र क्षे.७-१२-०-०	
२	(स.नं.५६७) संगेदोर्जे लामा घलान बकैया-४, श्रीपुर बाबु: सिं राज घलान बाजे: धन बहादुर	७।५३५ मकवानपुर २०५४।११।१०	साविक हटिया-८, कि.नं.४३१४, क्षे.०-०-१०-०	
३	(स.नं.४६५) रमिला बतिवडा हेटौंडा-१६, बाबु: राधेश्याम शर्मा पति: गुणकेशर रेग्मी	४८९ मकवानपुर २०४५।०१।०८	ज.ध.-शितल रेग्मी साविक हटिया-५, कि.नं.१५०५, क्षे.०-५-०-०	
४	(स.नं.२४३) दुर्गा प्रसाद ढकाल हेटौंडा-९, सिमेन्ट रोड बाबु: सोम प्रसाद ढकाल बाजे: रविलाल ढकाल	९६१७१ काभ्रे २०५७।१०।२३	साविक पदमपोखरी-६, कि.नं.८७५ क्षे.०-३-०-०	
५	(स.नं.१२८) बिष्णु कुमारी श्रेष्ठ हेटौंडा-४, शितलमहल बाबु: जितबहादुर बाईवा पति: सुरेन्द्रलाल श्रेष्ठ	१०२३।६६०९४ मकवानपुर २०६६।०८।१०	साविक हेटौंडा-५, हटिया-८ कि.नं.१४३८३,४७६६ क्षे.०-०-५, ०-१३-०	
६	(स.नं.२१६३) धन कुमारी राई हेटौंडा-१७, गैरीगाँउ बाबु: जित बहादुर राई बाजे: कुल बहादुर राई पति: राजकुमार राई	७।४४९ मकवानपुर २०५४।०९।१०	साविक बसामाडी-५, कि.नं.१७३५, क्षे.०-१-०-०	

साझाकुरा

हाम्रो कुरा

पर्यटकीय संरचनामा ध्यान दिने कहिले ?

संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले 'हन्ड्रेड डेस्टिनेसन' मा सिन्धुपाल्चोकको भोटेकोशी र सुनकोशी नदीमा च्याफ्टिङ, बञ्जीजम्प, हेलम्बु र पाँचपोखरीलाई छाने पनि प्रवर्द्धन अभावमा अझै व्यवस्थित बन्न सकेका छैनन् । यो त एउटा सानो उदाहरण मात्र हो । बागमती प्रदेश सरकारले सन २०२४ लाई प्रदेश भ्रमण वर्षको रुपमा मनाउने कार्यक्रम अघि सोको छ । तर, पर्यटन पूर्वाधारका बिषयमा गर्नुपर्ने काम भने हुन सकेको छैन । पर्यटक आकर्षण गर्ने कार्यमा प्रदेश सरकार उदासिन देखिएको छ । प्रदेशको १३ जिल्लामध्ये पर्यटकलाई आकर्षित गर्ने स्थानको बारेमा पनि तथ्यांक प्रदेश सरकारसँग छैन । तीनै तहका सरकारबाट केही संरचना निर्माण भइरहे पनि पर्यटकको मुख्य आकर्षक क्षेत्र अहिले पनि उभिन सकिरहेका छैनन् । चीन जोड्ने प्रमुख नाकामात्र नभई पर्यटकीय गन्तव्यमा उत्तिकै चर्चित तातोपानी नाका बल्ल शून्यबाट उभिदैछ । भूकम्प, भोटेकोशी बाढी, बर्खे पहिरोले खण्डहर बनेका यहाँका पर्यटकीयस्थल अझै पुरानो अवस्थामा फर्किन सकेका छैनन् ।

बर्सेनि धेरै संख्यामा तातोपानी नुहाउन आउने आन्तरिक तथा बाह्रय पर्यटकको संख्या अहिले भारी गिरावट आएको स्थानीय बताउँछन् । भोटेकोशी गाउँपालिकामा रहेको ऐतिहासिकस्थल दुगुनागढी नेपाली सेनाले पुन:निर्माण गरेर पुरानै अवस्थामा फर्काए पनि त्यहाँ पर्यटक पुग्ने वातावरणको बनेको छैन । भूकम्पअघि पश्चिमा मुलुकका दुई हजारभन्दा बढी तेस्रो मुलुकका पर्यटक दुगुनागढी र भैरवकुण्ड भ्रमणमा आउने गरेका थिए । तातोपानीको बाटो प्रयोग गरेर वार्षिक ५० हजारभन्दा बढी विदेशी पर्यटक आउनेजाने गर्थे । अहिले यो कथाजस्तै भएको तातोपानीका व्यापारीहरु बताउँछन् । भोटेकोशी र सुनकोशी नदीमा गरिने च्याफ्टिङ र बञ्जीजम्प, पदयात्राको पर्यटन पनि नदी उत्खनन र प्रदूषणले बगरमा परिणत गराएपछि व्यवसायी निरुत्साहित छन् । जलपर्यटनलाई अरु चुनौती छैन, जथाभावी दोहन र नदी प्रदूषण नियन्त्रण नहुँदा संकटमा परिरहेको छ । च्याफ्टिङका लागि विश्वका सानाठूला गरी छ हजार नदीमध्ये एडभेन्चरका लागि उत्कृष्ट १० नदीमा भोटेकोशी र सुनकोशी सातौंमा परेको छ ।

भूकम्पअघि वार्षिक ३६ हजार पर्यटक पदमार्गको आनन्द लिँदै हेलम्बुको बस्तीबाट पाँचपोखरीका विभिन्न धार्मिकस्थल अवलोकन गर्ने गर्दथे । हृयोल्मो जातिको उद्गमस्थल मानिने तार्केघ्याङ, गुरु रि न्पोछेको गुफा, चिरीगुम्बा, मेलम्ची घ्याङ, महादेवपाइला, ग्रेटटेल र पाँचपोखरी सर्किट ट्रेल घुम्न अत्यधिक आन्तरिक पर्यटक आउने गरेका छन् । प्रदेश सरकारले सुरु गरेको गोञ्जालोपास पदमार्गका बारेमा पनि आन्तरिक र बाह्रय पर्यटकलाई जानकारी गराउन सकिएको छैन । धाडिङको रुबीभ्याली, गणेश हिमाल पुग्ने पर्यटकले खाना खाने र बास बस्ने पूर्वाधार निर्माण हुन सकेको छैन । काठमाडौंको ठमेल र चितवनको सौराह बाहेक पर्यटकलाई आकर्षित गर्ने स्थानको सवालमा प्रदेश सरकार निरिह बनेको महशुस भएको छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मक्वानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७१, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०५०००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बझवाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
महिलै नेपाल:	५२१०५०
अपाङ बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस १९ गते बिहीबार, ४ जनवरी २०२४ । अष्टमी, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२० ।

आजको राशिफल

मेष	: व्यवसायबाट लाभ पाइने	तुला	: कुरा काट्नेहरु सक्रिय हुने
वृष	: जिम्मेवारी पूरा गर्न सकिने	वृश्चिक	: नयाँ काम हात पर्ने
मिथुन	: गलत विचार बढ्ने	धनु	: कार्यान्तरण हुन सक्ने
कर्कट	: काममा अबरोध आउने	मकर	: शुभ समाचार सुन्न पाइने
सिंह	: अधुरा काम पूरा हुने	कुम्भ	: अनावश्यक खर्च बढ्ने
कन्या	: घरेलु समस्याले सताउने	मीन	: भोजको अवसर मिल्ने

राष्ट्र कमजोर बनाउनेको अन्तिम आक्रमण भाषा, संस्कृतिमाथि

डा. कमल ढकाल

केही समय अगाडि कक्षा ११ को नेपाली पुस्तकमा नेपाली वर्णमालाबाट बोलीचाली र प्रचलनमा नभएका दीर्घ 'ऊ' र दीर्घ 'ई' हटाइएको भनेर फोटो सहित एक लेख देखें । लेखको शीर्षक देख्दै विरक्तिएको यो मन भने लेखकको विद्वत्ता देखेर त्यसै पुलकित भयो ।

फेरि सोचें, हाम्रो देशमा भानुभक्तका काव्य र लक्ष्मीप्रसाद देवकोटाका कविताको रसले रसाउने आँखाहरू त पक्कै छन् । कम्तीमा ती आँखाहरूले त देख्छन् होला भाषा मथिको प्रहार । अनि नेपाली भाषालाई प्रेम गर्ने भाषाप्रेमीहरू पनि त जिउँदै छन् । अहिले भाषाप्रेमीहरू जिउँदै मात्रै छैनन् स्वतस्फूर्त रूपमा जाग्दै पनि छन् ।

यो जागरणले कोही-कोही विखण्डनकारीहरूको निदहरण भने पक्कै गरेको छ किनकि विविधतले भरिएको देशलाई जोड्ने बलियो जर्ती भाषा पनि एक हो । जसरी सुनका गहना जतिसुकै सुन्दर भए पनि यसलाई जोड्ने जर्ती निकालेपछि गहना फगत एक धातु मात्र हुन्छ त्यसरी नै भाषा र संस्कृति निकालेपछि राष्ट्र केवल माटो मात्र रहन्छ ।

राष्ट्र कमजोर बनाउने मन्तरको जन्तर बाँधेर हिंडेका विदेशी झाँक्रीहरू र त्यही मन्त्र फलाक्दै हिंडुने केही स्वदेशी धामीहरूले सबै सिद्धयाइसकेपछि अन्तिममा झटारो त्यस देशको भाषा र संस्कृतिमाथि प्रहार हुन्छ । यसको ज्वलन्त उदारहण हो- फिलिपिन्स ।

स्पेनिसहरूले कब्जा गर्नुभन्दा पहिले फिलिपिन्समा मलाया प्रमुख भाषा थियो । स्पेनिस अतिक्रमणसँगै मलाया भाषा विस्तारै लोप हुँदैगयो । स्वतन्त्र हुने बेलासम्म उसले आफ्नो भाषा र संस्कृति सबै गुमाइसकेको थियो ।

सन् १९३७ मा एक भाषा आयोग गठन गरेर नयाँ भाषा बनाइयो । फिलिपिनो नामकरण गरिएको उक्त भाषा स्थानीय तगालग भाषामा आधरित छ । यद्यपि यो सबै स्थानीय भाषाबाट शब्द निकालेर बनाएको टालाटुली बटुली भाषा हो ।

नयाँ भाषा बोल्न धेरैलाई अप्ठ्यारो भएपछि अंग्रेजीलाई पनि त्यहाँ राष्ट्रिय भाषा बनाइयो । अहिले त्यहाँ अंग्रेजी भाषा र पश्चिमी संस्कृति नै बढी प्रचलनमा छ । यो कुरा फिलिपिन्समा जन्मेहुर्केर अहिले मसँगै काम गर्ने एक वैज्ञानिक वार्नरले बताएका हुन् । कहिलेकाही हामी संगै खान जाँदा एकअर्काको देशको संस्कृतिको बारेमा कुरा गर्छौं ।

यसको ठिक उल्टो भाषाले कसरी राष्ट्रलाई बलियो बनाउँछ र सबैलाई एकजुट हुन् प्रेरणा दिन्छ भन्ने उदाहरण हो, इजरायल । संसारभरबाट लखेटिएका यहुदीहरू जब इजरायल देश बनाएर बस्न थाले उनीहरूमा सबैले बुझने राष्ट्र भाषाको अभाव भयो । उनीहरूको पुर्खाले बोल्ने गरेको हिब्रु भाषा हाम्रो संस्कृत भाषा भन्दा पनि पहिले करिब २००० वर्ष अघि लोप भइसकेको थियो ।

इजरायलमा बस्न आएका यहुदीहरू कसैले अरबी, कसैले जर्मनी र कसैले फ्रेन्च जस्तै धेरै भाषा बोल्दथे । हाम्रो संस्कृत जस्तो र बाई (धर्मगुरु) हरूले पूजा पाठमा मात्र सीमित भएको हिब्रलाई १८औं शताब्दीमा एलिजर बेन यसुदा भन्ने व्यक्तिले हिब्रु शब्दकोश बनाएर सबैलाई हिब्रुमा पढ्न र बोल्न अनुरोध गरे । सुरु-सुरुमा गाह्रो भए पनि पछि यसले एक आन्दोलनकै रूप लियो ।

निरन्तर प्रयासको फलस्वरूप अस्ति भर्खर सन् २०१८ मा इजरायल सरकारले हिब्रलाई राष्ट्र भाषा घोषणा गऱ्यो । इतिहासमा २००० वर्ष पहिले लुप्त भइसकेको भाषा फेरि ब्युंतेको उदाहरण यो नै पहिलो हो । अहिले त्यहाँको जनसंख्याको ७० प्रतिशतभन्दा धेरैले हिब्रु बोल्छन् जबकि २०० वर्ष पहिला १० प्रतिशतले पनि बोल्दैनथे ।

हाम्रा गाउँमा राति सुन्तला चोर आउँथे । बुढाबुढी सुतेको मौका परे झटारोले झारिहाल्ने तर कथंकदाचित बुढाबुढी उठिहाले भने चर्को चर्को कराउँदै हिंडुने अनि भन्ने कि बाघ आउँछ कि भनेर कराउँदै हिंडेको भनेर ।

मलाई लाग्छ, हाम्रो भाषालाई पनि यस्तै चोरहरूले वेला-वेलामा लुकेर झटारो हानिरास्केका छन् । कसैले विरोध गऱ्यो भने खण्डन गर्ने, नत्र भाषालाई सुटुक्क बिगारेर कुरूप पार्ने । यो अन्ततः हाम्रो राष्ट्रियता र संस्कृति कमजोर पार्ने प्रयत्न हो ।

नेपाली वर्णमाला बाट दीर्घ 'ऊ ' र दीर्घ 'ई' हटाएको भन्ने समाचार देखेपछि मलाई पनि यसका बारेमा केही भन्न मन लाग्यो । अस्ति भर्खर नेपाली शब्दकोशबाट ॐ शब्द हटाएको भन्ने सुनिएको थियो । पछि यसको खण्डन पनि भयो क्यारे !

कारण चलनचल्तीमा बोलिँदैन भनेर । यदि यो साँच्चै हो भने यो जसले यस्तो निर्यण गरेको हो, उहाँहरूलाई मेरो गुनासोको नासो यस्तो छ । हुन त म त भन् भाषा विज्ञ पनि होइन, म विज्ञानको विद्यार्थी, स्वर र व्यञ्जन उपयुक्त तरिकाले उच्चारण नगर्दा त्यसको मनोवैज्ञानिक कस्तो असर पर्छ त्यसका बारेमा बरु भन्न सक्छु ।

स्वरहरूको उचित प्रयोगले हाम्रो श्वास-प्रश्वासको गतिलाई समेत असर पर्छ । श्वास-प्रश्वासको रेगुलेसनले हाम्रो शरीरको मेटाबोलिजम र फिजियोलोजीमा कस्तो असर पर्छ भन्ने त टिचिङ अस्पतालको फिजियोलोजीको डाक्टरलाई गएर सोधे पनि बताइदिन्छन् । अहिले केही बोलिनँ । यसको बारेमा कुनै दिन चर्चा गरौला । विज्ञानको विद्यार्थी भए पनि म एक नेपाली भाषाप्रेमी पनि भएकोले म जस्तो ठेट्नालाई समेत थोरै थोरै यसको जानकारी छ । भाषा हाम्रै मुखबाट निस्कने विभिन्न स्वरहरूको संज्ञा हो जसलाई संसारभरि नै विभिन्न लिपिमा लेखिएका छन् ।

जसरी एक सामान्य मान्छेको भन्दा गीत गाउने कलाकारमा धेरै स्वर निकाल्न सक्ने क्षमता हुन्छ र जुन कलाकारले जति धेरै स्वर (फ्रिक्वेन्सी) निकालेर गाउन सक्यो, उसका गीत त्यति नै कर्णप्रिय हुन्छन् र ऊ स्वरको धनी कहलाउँछ ।

भाषामा पनि जति धेरै स्वरहरू प्रयोग हुन्छ त्यो भाषा त्यति नै कर्णप्रिय हुन्छ । यस्तो भाषा, भाषाहरूको पनि कलाकार हुन्छ र त्यो भाषा त्यति नै धनी हुन्छ । नेपाली भाषा पनि संसारकै धनीमध्ये एक हो । यसमा धेरै स्वरहरू (१३) छन् भने अंग्रेजीमा जम्मा ५ छन् ।

दीर्घ स्वर सम्बन्धी केही कुरा भन्न मन थियो तर ती 'विज्ञहरूसित' मेरो परिचय छैन तपाई जस्ता नेपाली भाषाप्रेमीहरूको माध्यमबाट यो सन्देश उहाँहरूसमक्ष पुऱ्याऔ कि ?

१. डलर अनुदान आएकाले उनीहरूकै खटन-पटन मान्ने हो भने पनि उनीहरूको भाषामा (अंग्रेजी) मा स्वर कम भए पनि वाक्य बोल्दा राइजिङ र फलिङ टोन राखेका हुन्छन् जुन हाम्रो भाषामा हुँदैन । यसले हाम्रो भाषाको ह्रस्व र दीर्घ जस्तै काम गर्छ । ह्रस्व भनेको १ मात्रा हो भने र दीर्घ भनेको २ मात्रा हो । राइजिङ र फलिङ टोन नभिलाई जति राम्रो अंग्रेजी बोले पनि त्यो सुन्दा राम्रो सुनिँदैन मात्र होइन, बुझ्न पनि गाह्रो पर्छ ।

२. चलनचल्तीमा 'ऊ' हुँदैन भन्ने विज्ञहरूका आमाले उनीहरूलाई 'बाबू' भनेर बोलाएको रैनछ कि क्या हो ! खेतमा काम गर्न जाँदा कोक्रामा हालेर गएको आफ्नो बच्चालाई बेलुका आमाले आएर काखमा लिंदा (अत्यास लागेर) 'मेरो बाबू' भनेर बोलाउँदा 'बाबू' को अन्तमा आउने जुन 'ऊ' छ यो दीर्घ 'ऊ' हो ।

यो दीर्घ (२ मात्रा) हो अर्थात् आमाले अलि लामो गरेर 'बू' भन्छिन् । छोराछोरीलाई बाबू भनेर बोलाउने चलन नेपालभरि छ । विज्ञ महोदयहरूले कुन् देशको चलन-चल्तीको कुरा गर्नुभएको हो मैले बुझिनँ । यो त एक उदाहरण मात्र हो, यस्ता शब्द त कति छन् छन् ।

२ दीर्घ मात्र होइन हाम्रो भाषामा प्लुत (३ मात्रा) स्वर समेत छ । प्लुत भनेको दीर्घ भन्दा पनि लामो ३ वा ४ मात्रा स्वर हो । दीर्घ ऊ नदेख्ने ले प्लुत ऊ त झन् के देखेको होला । तपाईहरूको गाउँ-ठाउँतिर छैन भने हाम्रो गाउँ (स्याङ्जा- आँधीखोला-६ टिकाजा) मा आउनु, हामी सुनाइदिऊँला । कि स्याङ्जा पनि नेपालभित्र पर्न छोड्यो ? आफ्ना छोराछोरी समयमा भात खान आएनन् भने हाम्रा गाउँतिर अझै पनि यसरी बोलाउनुहुन्छ ।

जस्तै- 'ए ! बाबू (४ वा ५ मात्रा)) भात खान आइजा' भनेर बोलाउँदा, बाबूको 'बू' लाई धेरै लामो गरेर बोलाउने चलन छ । यो वाक्यमा बू को 'ऊ' प्लुत स्वर हो । मलाई थाहा छ नेपाली भाषा विज्ञ अझै धेरै जिउँदै हुनुहुन्छ । भाषा जस्तो विषयको निर्णय लिंदा कमसेकम नेपालभरिका भाषा विज्ञ र प्राध्यापकहरूसँग राय-सुझाव लिएर निर्णय गर्नुपर्छ ।

३. म फेरि भाषा शुद्ध लेख्नुपर्छ भनेर कसैले बुझ्दै नबुझ्ने क्लिष्ट नियमहरूको प्रयोग र अंग्रेजी शब्द मिसाउनै हुँदैन भन्न खोजेको पनि होइन । भाषालाई समय अनुसार नबदल्ने हो भने लुप्त पनि हुनसक्छ वा अर्को भाषाले स्थान ओगट्न सक्छ । स्वर परिवर्तन भन्दा शब्दहरू थपेर नेपाली भाषालाई सजिलो बनाउन सकिन्छ ।

अमेरिकाको प्रख्यात कफी पसल स्ट्यार बक्समा गएर 'चाय' भनेर माग्ने हो भने सबैले बुझ्छन् उनीहरूको मेन्युमै यही शब्द छ । यो शब्द एंगलो भाषाका शब्दकोशहरूमा भर्खरै समावेश गरिएको हिन्दी शब्द छ । अरुको भाषाका शब्दहरूलाई भित्र्याएर नै अंग्रेजी संसारको भाषा भन्न सफल भयो ।

४. हामीलाई विद्यालयमा भाषा शुद्ध लेख्नुपर्छ मात्र सिकाइयो, शुद्ध बोल्नुपर्छ भनेर सिकाइएन । मैले अझै सम्झन्छु कक्षा ९ को नेपाली व्याकरण पढ्दा, 'सर्वनाम, विशेषण, जाति, पेशा, थर- पदान्तमा दीर्घ हुन्छन् दीर्घै लेख्ने गर' भनेर घोकिन्थ्यो । यसरी दीर्घ लेख्ने गर मात्र सिकाइ यो दीर्घ बोल्ने गर भनेर कहिल्यै भनिएन । नेपाली भाषालाई बचाउने हो भने शुद्ध लेख्न मात्रै होइन, शुद्ध बोल्न पनि सिकाउनुपर्छ ।

अन्त्यमा मैले पहिले भने झैं भाषाको ज्ञाता होइन केही कमि-कमजोरी रहेछन् भने यसको भावअनुसार बुझ्नुहोला । नीतिशास्त्रमा भनिएको छ– बाटो हिंड्ने मान्छे लड्न सक्छ । दुर्जनहरू लडेको देखेर हाँस्छन् भने सज्जन उठाउन जान्छन् । *(साभार: अनलाइनखबर)*

सार्क, असंलग्न आन्दोलन र संयुक्त राष्ट्र संघ किन औचित्यहीन बन्दै छन् ?

केशव खतिवडा

बंगलादेशको ढाकामा ७-८ डिसेम्बर १९८५ मा प्रथम शिखर सम्मेलनको आयोजना गरी विधिवत रूपमा दक्षिण एसियाली सहयोग संगठन (सार्क) स्थापना भएको थियो । सन् १९८० को दशकमा दक्षिण एसिया क्षेत्रमा विकसित भएको क्षेत्रीय एकता, पारस्परिक सद्भाव र सहयोगको भावनालाई एकताको सूत्रमा बाँध्नका लागि तत्कालीन बंगलादेशका राष्ट्रपति जियाउर रहमानको विशेष पहलमा भएको पहिलो शिखर सम्मेलनमा सातवटा राष्ट्रले सार्क बडापत्रमा हस्ताक्षर गरेका थिए ।

सुरुमा सार्कमा बंगलादेश, भारत, भुटान, श्रीलंका, नेपाल, पाकिस्तान र माल्दिभ्स गरी सात राष्ट्र थिए । सन् २००७ मा भारतमा सम्पन्न १४औं शिखर सम्मेलनले अफ्गानिस्तानलाई सदस्यता प्रदान गरेपछि सार्कको सदस्य संख्या आठ पुगेको छ ।

सार्क बडापत्रमा उल्लिखित दशवटा धारामा सार्कका उद्देश्य, सिद्धान्त, काम, कर्तव्य, अधिकार र दायित्वलाई उल्लेख गरिएको छ । सदस्य राष्ट्रहरूबिच पारस्परिक सहयोगको अभिवृद्धि गर्नु सार्कको उद्देश्यको सार हो । सदस्य राष्ट्रबिचको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रताको सम्मान, आन्तरिक मामिलामा अहस्तक्षेप, आपसी हितमा आधारित भई दुई पक्षीय र बहुपक्षीय दायित्व विपरीत नहुने गरी र पारस्परिक सहयोगको बदलामा नभई पुरकका रूपमा हुने सार्कका प्रमुख सिद्धान्त हुन् ।

बडापत्रमा प्रत्येक वर्ष सार्क सम्मेलन हुने व्यवस्था भए पनि अधिकांश सम्मेलन निर्धारित समयमा विभिन्न बहाना र कारणले हुन सकेको छैन । १८औं वा पछिल्लो शिखर सम्मेलन नोभेम्बर २७-२८, २०१४ मा काठमाडौं सम्पन्न भएको थियो । सार्क बडापत्रको धारा १० मा गरिएको सामान्य नियमहरूको व्यवस्थाअन्तर्गतका मुख्यतया दुईवटा नियमहरूले सार्कलाई कमजोर र औचित्यविहीन साबित गर्दै लगेको छ । पहिलो : सार्कका सबै स्तरका निर्णयहरू सर्वसम्मतिका आधारमा लिइनेछ । दोस्रो: द्विपक्षीय र विवादास्पद विषय छलफलमा राखिनेछैन । यो कथित राम राज्यमा पनि सम्भव नहुने अति आदर्शवादी प्रावधान आजको ग्लोबलाइजेसन, वर्ल्ड सिस्टम थ्योरी, डिग्लोबलाइजेसन, पारस्परिक निर्भरता, भूराजनीतिक जटिलता, अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पालनाजस्ता सवालहरूको बिचमा व्यावहारिक हुने सम्भावना थिएन र भएन पनि । स्वयं सदस्य राष्ट्रहरूबिचको सम्बन्ध पनि कतिपय अवस्थामा सौहार्दपूर्ण देखिएन । सार्कभित्रका दुई शक्तिशाली सदस्य राष्ट्रहरूको रूपमा रहेका भारत र पाकिस्तानबिचको सम्बन्ध सधैंजसो चिसो मात्र होइन, दोहोरो संवाद समेत नहुने अवस्थाबाट गुज्रनु, नेपालमाथि भारतले विभिन्न बहानामा दुईपटक अघोषित नाकाबन्दी गर्नु, भारत, श्रीलंका र भुटानबिचको सम्बन्ध पनि सतहमा आउने गरी विवादास्पद देखिनु यसका केही ज्वलन्त उदाहरण हुन् ।

यसरी एकातर्फ विवादका विषयमा छलफल गर्न नपाइने, शक्ति राष्ट्रले साना र कमजोर सदस्य राष्ट्रमाथि सधैं हेपाहा प्रवृत्ति जारी राख्ने, नौ वर्षसम्म शिखर सम्मेलन नहुँदा कुनै काम नरोकिने र कुनै परिणाम पनि दिन नसक्ने गरी मृतप्राय जीवन बाँचिरहेको सार्क आजको बदलिँदो अवस्थामा असान्दर्भिक र औचित्यहीन साबित हुँदै गएको स्वयंसिद्ध तथ्यहरूले प्रमाणित गरेका हुनाले परिणाम दिन नसक्ने यस्तो बोझिलो संस्था कि पुनर्संरचना गरिनुपर्छ कि विघटन गर्न उपयुक्त देखिन्छ ।

असंलग्न आन्दोलन

दोस्रो विश्वयुद्धपछि दुई अतिवादी र अतिशक्तिशाली राष्ट्रका रूपमा विश्व पूँजीवादी प्रजातान्त्रिक प्रणालीको नाइके अमेरिका र यसको विपरीत धारको विश्व कम्युनिस्ट आन्दोलन तथा समाजवादी आन्दोलनको नाइके सोभियत संघको उदय भयो । अमेरिकाले आफ्नो नेतृत्वमा 'नेटो' र सोभियत रुसले आफ्नो नेतृत्वमा 'वार्सा प्याक्ट' नामक सैनिक संगठन गठन गरी शक्तिको होडबाजी गरे । नेटोमा पुँजीवादी मुलुकहरू समेटिए भने वार्सामा खासगरी पूर्वी युरोपका कम्युनिस्ट मुलुकहरू समेटिए । यसरी विश्व राजनीति एकाएक दुई विपरीत खेमामा विभाजित हुन पुग्यो । यी दुई खेमामा समावेश हुन नचाहने मुलुकहरू साँढेको लड़ाई बाच्छाको मिचाइ भनेजस्तो अवस्थामा पुग्ने सम्भावना बन्यो । उनीहरूका विचमा पुँजीवादी प्रजातान्त्रिक प्रणालीको विकास र जगेर्ना गर्ने, मानव अधिकारको संरक्षण गर्ने र विश्वमा जबरजस्त समाजवाद स्थापना गर्ने नाममा अस्वस्थ प्रतिस्पर्धा बढ्दै गयो । यसरी विश्व दुई अतिवादीहरूको क्रीडास्थल बन्ने खतरा दिनानुदिन भयो । यही विश्व परिस्थितिको गर्भबाट असंलग्न आन्दोलनको जन्म भयो ।

सन् १९५५ मा इन्डोनेसियाका राष्ट्रपति सुकार्नोले बानड्ङ सम्मेलन गरी असंलग्न आन्दोलनको घोषणा गरे । यी दुवै शक्ति (नेटो र वार्सा प्याक्ट) गुटमा नलाग्ने उद्देश्यले सन् १९६१ मा बेलग्रेडमा भारतका प्रधानमन्त्री जवाहर लाल नेहरु, इन्डोनेसियाका राष्ट्रपति सुकार्नो, बर्माका प्रधानमन्त्री उ नु, इजिप्टका राष्ट्रपति अब्देल नासिर, घानाका राष्ट्रपति यामे क्रुमा र युगोस्लाभियाका राष्ट्रपति जोसिप ब्रोज मार्सल टिटोको अगुवाइमा यो आन्दोलनको स्थापना भयो । यो आन्दोलमा ११० वटा राष्ट्रहरू सदस्य, १७ वटा देशहरू पर्यवेक्षक र १० वटा अन्तर्राष्ट्रिय संस्थाहरू सदस्य छन् । यसरी असंलग्न आन्दोलन संयुक्त राष्ट्र संघपछिको धेरै सदस्य राष्ट्र भएको आन्दोलन बन्न पुग्यो ।

यस आन्दोलनले अपनाएका दुवै शक्ति राष्ट्रको समूहमा नलाग्ने नीतिलाई असंलग्न परराष्ट्र नीति भनियो । यसका अहस्तक्षेप, अनाक्रमण, शान्तिपूर्ण सहअस्तित्व, एकअर्काको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डताप्रति सम्मान र आर्थिक तथा सामाजिक, सांस्कृतिक सहयोगको आदान-प्रदान कायम गर्ने पाँचवटा सिद्धान्तलाई पञ्चशीलको सिद्धान्त भनियो । जसको १८औं शिखर सम्मेलन सन् २०१९ मा अजरबैजानको बाकुमा सम्पन्न भयो भने १९औं सन् २०२४ को जनवरीमा उगान्डाको कम्पालामा हुने भनिएको छ । स्थापनाकालको उद्देश्यको हिसाबले यो आन्दोलन पनि क्रमशः औचित्यहीन हुँदै गएको छ । जसका प्रमुख कारण यस प्रकार छन् ।

१) सोभियत संघको विघटनसँगै वार्सा प्याक्ट पनि विघटन भएको र शीतयुद्धको समेत अन्त भएकाले दुई शक्ति राष्ट्रको समूहमध्ये एकलाई छान्नुपर्ने अवस्था नरहेको ।
२) पुँजीवाद र समाजवादबिचको विवाद र अन्तर्विरोध असान्दर्भिक बन्दै गएको ।
३) नयाँ विश्व व्यवस्था प्रणालीको विकास भएको ।
४) असंलग्न आन्दोलनभित्रका सदस्य राष्ट्रहरू बिचको सम्बन्ध सौहार्दपूर्ण रहन नसकेको ।
५) ग्लोबलाइजेसन र डिग्लोबलाइजेसनजस्ता नयाँ आयामहरूको विकास भएको ।
६) पञ्चशीलका सिद्धान्तहरू परराष्ट्र नीतिका मार्गदर्शक सिद्धान्तका रूपमा रहन सक्ने भए पनि सन्तुलित र कौशलपूर्ण परराष्ट्र नीतिका लागि आजको विविधता र गतिशीलतायुक्त विश्व परिवेशमा पर्याप्त नहुनु ।

संयुक्त राष्ट्र संघ

लिग अफ नेसनको असफलता र दोस्रो विश्व युद्धले विश्वमा पुऱ्याएको अपूरणीय क्षतिजस्ता मानव सभ्यतामाथि नै प्रश्न चिह्न खडा गर्ने परिघटनालाई रोक्न वा व्यवस्थापन गर्नका लागि अन्तर्राष्ट्रियस्तरको सशक्त संस्थाको आवश्यकता महसुस भएसँगै दोस्रो विश्वयुद्धका विजयी राष्ट्रहरूको पहलमा २४ अक्टोबर १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भयो । हाल यस संस्थाका सदस्य राष्ट्रहरू १९३ वटा छन् । अन्तर्राष्ट्रिय समस्याहरूमाथि हस्तक्षेप गर्ने लगायत अन्तर्राष्ट्रिय कानुन, अन्तर्राष्ट्रिय सुरक्षा, आर्थिक विकास र सामाजिक निष्पक्षताजस्ता विषयमा सदस्य राष्ट्रहरूबिच सहयोग अभिवृद्धि गर्नु यसको मुख्य उद्देश्य हो । बेलायत, अमेरिका, चीन, फ्रान्स र रुस यसका स्थायी तथा भिटो अधिकार प्राप्त सदस्य राष्ट्रहरू हुन् । संघको बडापत्रमा यसका उद्देश्य, सिद्धान्त, काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । *(साभार: रातोपाटी)*

विद्युत् नियमन आयोगको निर्णय :

प्राधिकरण स्वयम्ले टीओडी मिटर निर्क्योल गरेर मात्रै प्रिमियम शुल्क लिन मिल्छ

काठमाडौं/विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रंक लाइनका विषयमा सोमबार गरेको निर्णयलाई प्राधिकरण र उद्योगीहरूले आ-आफ्नो ढंगले व्याख्या गरिरहेका छन् । आयोगको बैठकको निर्णयमा टीओडी मिटरका आधारमा मात्रै नेपाल विद्युत् प्राधिकरणले महसुल लिन पाउने उल्लेख छ ।

'टीओडी मिटरसम्बन्धी जानकार, जिम्मेवार तथा कार्यान्वयन गर्ने निकाय नेपाल विद्युत् प्राधिकरण आफैं रहेको पाटन उच्च अदालतको फैसलाले प्रष्ट दर्शाएको हुनाले सोको निर्क्योल स्वयम् प्राधिकरणबाट हुनुपर्ने र सोही बमोजिमका काम कारबाही हुनुपर्ने देखिन्छ,' विद्युत् नियमन आयोगले उल्लेख गरेको छ ।

तत्कालीन विद्युत् महसुल निर्धारण आयोगको १०३ औं, १०४ औं तथा १०८ औं बैठकको निर्णय लोडसेडिङ छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकको महसुल डेडिकेटेड ग्राहकको सरह दर कायम गर्ने निर्णय भएकोमा सोको यकिन मिटर रिडिङबाट नेपाल विद्युत् प्राधिकरणले गर्नुपर्ने निर्णय नियमन आयोगको सोमबार बसेको २१८ औं बैठकले गरेको हो । आयोगको यसअघि ०७८ भदौ २२ मा बसेको १३३ औं बैठकले निर्णय कार्यान्वयन गर्न गराउन नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिइसकेको अवस्थामा त्यो निर्णय कार्यान्वयन नभएकाले प्राधिकरणलाई पुन: निर्देशन दिने निर्णय गरेको पनि आयोगले जनाएको छ ।

आयोगले डेडिकेटेड र ट्रंक लाइनका सन्दर्भमा गरेको त्यास्रो यस्तो छ:

१. विद्युत् महसुल निर्धारण आयोगले महसुल निर्धारण गर्नुअघिको विषयमा

२०७२ पुस २९ तथा माघ १० मा तत्कालीन आयोगले डेडिकेटेड फिडर तथा २०७३ असार १२ गते ट्रंक लाइनको महसुलदर निर्धारण गरेको थियो । तर, नेपाल विद्युत् प्राधिकरण बोर्डले निर्णय गरी २०७२ असारदेखि नै प्रिमियम महसुल लिन थालेकोमा आयोगले पनि त्यसबेलादेखि नै लागु हुने गरी महसुल निर्धारण गरिदिएको थियो ।

त्यसविरुद्ध शिवम् सिमेन्ट्सले हालेको मुद्दामा सर्वोच्च अदालतले विधायिकाले निर्माण गरेको कानुन पश्चातदर्शी हुन नहुने भन्दै २०७२ पुस २९ भन्दा अघिको महसुल लिन विद्युत् प्राधिकरणले लिन नपाउने फैसला गरेको थियो । निर्णय गर्नुअघिकै मितिदेखि महसुल लागु गर्ने विद्युत् महसुल निर्धारण आयोगको २०७२ माघ ११ मा गरेको निर्णय पनि सर्वोच्चले २०७५ कात्तिक २० गते खारेज गरिदिएको थियो ।

त्यसविरुद्ध विद्युत् प्राधिकरणले सर्वोच्च अदालतमा पुनरावलोकन गरिपाउँ भन्ने निवेदन दिएकोमा सर्वोच्चले ०७७ माघ १५ गते पुनरावलोकनको अनुमति दिएको छ । यस विषयमा अदालतले जे व्याख्या गऱ्यो त्यही नै अन्तिम हुने निर्णय नियमन आयोगले गरेको छ ।

'अदालतमा विचाराधीन रहेको मुद्दामा विद्युत् नियमन आयोग वा अन्य कुनै निकायले कानुनत: अन्यथा निर्णय गर्न नमिल्ने र यस विषयमा अदालतले नै निर्णय गर्ने हँदा आयोगद्वारा थप निर्णय वा विवेचना गर्नुपर्ने अवस्था देखिँदैन,' आयोगले भनेको छ ।

२. विद्युत् खपत गरेको तर सञ्चालक समितिबाट स्वीकृति नलिएका उद्योगहरूलाई डेडिकेटेड वा ट्रंक लाइनको महसुल लगाइएको सम्बन्धमा

उच्च अदालत पाटनले २०७६ असोज ५ गते गरेको फैसलामा हाल ट्रंक लाइनबाट आपूर्ति भइरहेका ग्राहकहरूले डेडिकेटेड सरह आपूर्ति लिन सञ्चालक समितिसमक्ष निवेदन दिई स्वीकृत लिनुपर्नेमा आफूले निवेदन नदिएको र सञ्चालक समितिबाट समेत कुनै निर्णय नभएको निवेदन दाबी भए तापति निवेदकले ट्रंक लाइनबाट विद्युत् आपूर्ति नै नलिएको भन्ने दाबी लिन सकेको अवस्था देखिँदैन ।

तसर्थ, विद्युत् वितरण विनियमावली २०६९ बमोजिम ट्रंक लाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूलाई डेडिकेटेडसरह नै महसुल लाग्ने फैसलता गरेको हँदा सोही बमोजिम कारबाही हुनुपर्ने देखिन्छ भन्ने निर्णय आयोगले गरेको छ ।

३. विद्युत् खपत भरे/नभरेको प्राविधिक विश्लेषण सम्बन्धमा

पाटन उच्च अदालतले समेत लोडसेडिङका बेला निर्वाध रुपमा निरन्तर विद्युत आपूर्ति लिए नलिएको भन्ने विषय विद्युत खपतका अभिलेखमा देखिने मिटर या टाइम अफ डे (टीओडी) वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट यकिन हुने विषय रहेको भनी उच्च अदालत पाटनको आदेशमा समेत उल्लेख गरिएको आयोगले जनाएको छ । त्यसो हँदा त्यससम्बन्धी जानकार, जिम्मेवार तथा कार्यान्वयन गर्ने निकाय नेपाल विद्युत् प्राधिकरण आफैं रहेको उक्त फैसलाले प्रष्ट दर्शाएको हुनाले सोको निर्क्योल स्वयम् प्राधिकरणबाट हुनुपर्ने र सोही बमोजिमका काम कारबाही हुनुपर्ने निर्णय समेत आयोगले गरेको छ ।

४. लोडसेडिङ अन्त्य हुनु अघिको अवधिको सम्बन्धमा

०७२ साल माघदेखि २०७५ साल वैशाखसम्म अर्थात लोडसेडिङ अन्त्य हुनु अघिसम्मको अवधिका सम्बन्धमा तत्कालीन ऊर्जा समितिको नेतृत्वको समितिले नै 'नेपाल विद्युत् प्राधिकरणको विद्युत् महसुल संकलन विनियमावली, २०७३ बमोजिम सम्पूर्ण महसुल निजहरूबाट असुल गर्नू' भनी उल्लेख गरिएको र विद्युत् नियमन आयोगको भूमिकाबारे उल्लेख नगरिएको आयोगले उल्लेख गरेको छ ।

तर, आयोगले तत्कालीन विद्युत् महसुल निर्धारण आयोगको मिति २९ पुस २०७२ को १०३ औं बैठक तथा १६ असार २०७३ को १०८औं बैठकको निर्णय कार्यान्वयन गर्न गराउन यसअघि ०७८ भदौ २२ को १३३औं बैठकको निर्णयानुसार प्राधिकरणलाई निर्देशन दिइसकेको उल्लेख गरेको छ । आयोगले फेरि पनि तत्कालीन विद्युत् महसुल निर्धारण आयोगको निर्णय कार्यान्वयन गर्न निर्देशन दिएको छ ।

आयोगले टीओडी मिटरको तथ्यांकका आधारमा विद्युत् प्रयोग गरे नगरेको निक्योंल प्राधिकरणले नै गर्नुपर्ने र त्यसअनुसारको महसुल दर विद्युत् महसुल निर्धारण आयोगले तोकेअनुसार गर्नुपर्ने नियमन आयोगको निष्कर्ष छ ।

५. लोडसेडिङ अन्त्यपश्चात्को समयका सम्बन्धमा

लोडसेडिङ अन्त्यको घोषणा भए पनि नयाँ महसुल निर्धारण नभएको अवस्थामा पूर्वनिर्धारित महसुल नै लागु हुने सिद्धान्तलाई महसुल निर्धारणको मान्य सिद्धान्तको रुपमा लिने गरिएको आयोगले जनाएको छ ।

३१ वैशाख ०७५ मा प्राधिकरणले लोडसेडिङ अन्त्य भएको घोषणा गरे पनि नियमन आयोगले २०७७ असार १ गते नयाँ विद्युत् महसुल निर्धारण गरी औद्योगिक तथा व्यावसायिक ग्राहकहरुबाट लिइँदै आइएको अतिरिक्त सरचार्ज तथा इनर्जी शुल्कलगायतका महसुल लिन नपाउने गरी निर्णय गरेको थियो ।

'त्यसअघिको अवधिमा तत्कालीन विद्युत् महसुल निर्धारण आयोगद्वारा ०७२ पुस २९ गतेको १०३ औं, २०७२ माघ १० गतेको १०४औं तथा २०७३ असार १६ गतेको १०८औं बैठकद्वारा निर्धारण गरिएको 'महसुल दर तथा आधार' नै लागु हुने हुन्छ,' नियमन आयोगको निर्णयमा भनिएको छ ।

'यसको अर्थ त्यसबेला महसुल निर्धारण आयोगले गरेको निर्णयअनुरुप कुनै पनि प्रकारको लोडसेडिङ भएको अवस्थामा डेडिकेटेडबाट र ६ घन्टाभन्दा बढी लोडसेडिङ भएको अवस्थामा कसैले २० घन्टाभन्दा बढी विद्युत् ट्रंक लाइनबाट निरन्तर प्रयोग गरेको रहेछ भने विद्युत् प्राधिकरणले प्रिमियम शुल्क लगाउन पाउँछ भन्ने हो,' नियमन आयोगका सचिव गोकर्णराज पन्थले भने ।

आयोगले २०७८ भदौ २२ गतेको बैठकले पनि यसअघि तत्कालीन विद्युत् महसुल निर्धारण आयोगको १ सय ३ औं र १ सय ८ औं बैठकको निर्णय कार्यान्वयन नगरेको भए कार्यान्वयन गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको थियो ।

तत्कालीन महसुल निर्धारण आयोगको १ सय ३ औं बैठकले लोडसेडिङको समयमा २४ सै घन्टा विद्युत् आपूर्ति गर्ने ग्राहकलाई डेडिकेटेड फिडर मानी त्यस्ता ग्राहकसँग ६५ प्रतिशतसम्म अतिरिक्त महसुल उठाउन पाउने निर्णय गरेको थियो ।





विद्युत नियमन आयोगको २१८ औं बैठकको निर्णय

(४) विद्युत खपत गरे/नगरेको प्राविधिक विश्लेषणबाट सम्बन्धमा हुने: तत्कालिन विद्युत महसुल निर्धारण आयोगको मिति २०७२/१२/२९ को १०३औं बैठक तथा २०७३/०३/१६ मा बसेको १०८औं बैठकद्वारा लोडसेडिङ छ घण्टा वा सो भन्दा बढी कायम भएको अवस्थामा, २० घण्टा वा सो भन्दा बढी समय छुट्टै ट्रङ्कलाइनबाट निरन्तर आपूर्ति लिने ग्राहकको सरहदर डेडिकेटेड फिडर सरह दर कायम गर्ने निर्णय भएको हुँदा यसको कार्यान्वयन गराउन प्राधिकरणलाई निर्देशन दिएको थियो । त्यसरी निर्णयकार्यान्वयन गराउन नेपाल विद्युत प्राधिकरणले टीओडी मिटरको तथ्यांकका आधारमा मात्रै नेपाल विद्युत् प्राधिकरणले महसुल लिन पाउने उल्लेख छ । 'टीओडी मिटरसम्बन्धी जानकार, जिम्मेवार तथा कार्यान्वयन गर्ने निकाय नेपाल विद्युत् प्राधिकरण आफैं रहेको पाटन उच्च अदालतको फैसलाले प्रष्ट दर्शाएको हुनाले सोको निर्क्योल स्वयम् प्राधिकरणबाट हुनुपर्ने र सोही बमोजिमका काम कारबाही हुनुपर्ने देखिन्छ ।' विद्युत् नियमन आयोगले उल्लेख गरेको छ ।

त्यस्तै, १ सय ८ औं बैठकले ६ घन्टा वा त्यसभन्दा बढी लोडसेडिङ भएको अवस्थामा ट्रंक लाइनबाट निरन्तर २० घन्टाभन्दा बढी विद्युत् आपूर्ति पाउने ग्राहकलाई डेडिकेटेड सरह महसुल लगाउने निर्णय गरेको थियो ।

६. प्राधिकरण र उद्योगीबीच विवाद भइरहँदा आयोगको मौनताका सम्बन्धमा

'विद्युत् नियमन आयोग ऐन २०७४ को दफा १८ मा आयोगलाई विवाद समाधान गर्ने जिम्मेवारी प्रदान गरेको छ । त्यति मात्रै होइन, आयोगलाई सुरु अदालतसरह उजुरीको कारबाही तथा किनारा गर्ने अधिकार प्रदान गरिएको छ ।

'तर, सो दफा बमोजिम निर्धारित दस्तुर, तोकिएको प्रक्रिया तथा कागजातसहित विवाद समाधानको निमित्त कुनै उजुरी नपरेको अवस्थामा आयोगले विवाद समाधान गर्ने कुनै कार्य नगरेको भन्न मिलेन,' आयोगको निर्णयमा भनिएको छ ।

७. अस्तित्यारको निर्देशनमा आयोगको निर्णय

३० साउन २०७७ मा अहितयार दुरुपयोग अनुसन्धान आयोगले लोडसेडिङ अन्त्य भएको आधिकारिक घोषणा हुनु अघिसम्मको डेडिकेटेड तथा ट्रंक लाइनमार्फत विद्युत् आपूर्ति लिएका उद्योगहरूको विद्युत् उपभोग परिमाण यकिन गरी सोको आधारमा निर्धारित महसुल असुलउपर गर्न उपयुक्त हुने सिफारिस गरेको थियो ।

त्यस्तै, यसका लागि अन्य विषयका अलवा टीओडी मिटरको डाटा डाउनलोडका अध्ययन प्रतिवेदन एवम् सोको विश्लेषणलाई मुख्य आधार बनाउन सकिने सुझाव पनि अहितयारले दिएको थियो । त्यस सम्बन्धमा निर्णय गर्दै आयोगले 'सो कार्य नेपाल विद्युत् प्राधिकरणले नै गर्नुपर्ने हुन्छ' निर्णय गरेको छ ।

त्यस्तै, विद्युत् लोडसेडिङ अन्त्य भएको घोषणापश्चात् सर्वसाधारणले समेत विद्युतको नियमित उपभोग गर्न पाएको अवस्थामा उद्योग व्यवसायको प्रवर्धन समेतलाई दृष्टिगत गर्दै डेडिकेटेड तथा ट्रंक लाइनमार्फत भएको विद्युतको वास्तविक उपयोग यकिन गरी कानुनत: अधिकार प्राप्त निकायले न्यायोचित महसुल निर्धारण तथा सहजीकरण गर्न उपयुक्त हुने' भन्ने सुझाव अहितयारले दिएकोमा त्यसका लागि तत्कालीन विद्युत् महसुल निर्धारण आयोगको १ सय ३ औं र १ सय ८ औं बैठकको निर्णय प्राधिकरणले कार्यान्वयन गर्नुपर्ने निर्देशन दिइसकेको आयोगले जनाएको छ ।

(स्रोत: अनलाइनखबर)

नगरपालिकाद्वारा सहकारीका व्यवस्थापकलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुर थाहा नगरपालिका सहकारी शाखाको आयोजनामा वित्तीय साक्षरता, सहकारी शिक्षा र कर प्रशासन सम्बन्धी ४ दिने तालिम सुरु भएको छ ।

नगरभित्रका सहकारीका व्यवस्थापकका लागि सुरु गरिएको तालिममा थाहा नगरपालिका मातहतका सहकारी संस्थाका व्यवस्थापकको सहभागिता रहेको छ । थानाबजारको गंगा होटेलको सभाहलमा भएको तालिम थाहानगरका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको प्रमुख आतिथ्यता भएको थियो । उद्घाटनमा पालिकाका लेखाअधिकृत अमरबहादुर जिसी, कृषि शाखाअधिकृत संजय तिवारी लगायतको उपस्थिति रहेको थियो ।

तालिममको सहजीकरण पालुड क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्र, पालुड बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक प्रकाश पौडेल, थाहा नगरपालिका लेखा

शाखाप्रमुख अमरबहादुर जिसी, वित्तीय सहजकर्ता मेलिना खत्री र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले गर्ने कार्यक्रम छ ।

थाहा नगरपालिकाको आर्थिक विकास समिति संयोजक हेरमान गोपालीको सभाध्यक्षतामा भएको तालिममा नगरभित्र संचालनमा रहेका ४० ओटा सहकारी संस्थाको व्यवस्थापकको सहभागिता रहेको सहकारी शाखाप्रमुख अस्मिता तिवारी घिमिरेले जानकारी दिइन् ।

प्रमुख प्रशासकीय अधिकृत गिरीले चारदिने तालिम उपलब्धिमूलक हुने विश्वास व्यक्त गरे । गिरीले केही सहकारीका कारण जनविश्वास घट्दै गएको बताए । उनले सहकारीको नियमन कमजोर हुँदा समस्या रहेको औंल्याए । गिरीले अबदेखि नगरपालिकाको प्रतिनिधिको अनिवार्य उपस्थितिमा मात्र साधारणसभा गर्न आग्रह गर्दै सहकारीले बचत ऋणको मात्र कारोबार नगरी उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन आग्रह गरे ।

'महाजात्रा' पोस्टरमा विपिन समुहको अपहरणमा हरिवंश

काठमाडौं /सफल फ्रेन्चाइज 'जात्रा'को तेस्रो सिक्वेल 'महाजात्रा'को फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै कथावस्तुबारे महत्त्वपूर्ण खुलासा गरिएको छ । पोस्टरमा फिल्मका तीन मुख्य कलाकार विपिन कार्की, रविन्द्र सिंह बानियाँ र रविन्द्र झाले हरिवंश आचार्यलाई ह्विलचियरमा राखेर बधिको अवस्थामा चित्रण गरिएको छ । हरिवंशको 'इन्टेन्स लुक' र गेटअप हेर्दा उनी नेताको भूमिकामा हुनसक्ने देखिन्छ ।

पैसा छरपस्ट देखिएको पोस्टरको पृष्ठभूमिमा एक गाडी (छोटा हात्ती) पनि छ । यसले फिल्म पैसाको चलखेलको विषयमा केन्द्रित रहेको संकेत गर्छ । त्यसो त 'जात्रा'का अघिल्ला दुई श्रृंखला सुन र पैसाकै विषयमा केन्द्रित भएर बनेका थिए । यसपटक पैसासँगै

राजनीतिलाई समेत जोडिएको पोस्टर बाट आँकलन गर्न सकिन्छ । फिल्म आगामी चैत ९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ ।

प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहेको 'महाजात्रा'मा वर्षा राउत, प्रकाश घिमिरे, राजाराम पौडेल, शिशिर बाड्देल, दिव्यदेव, गौमाया गुरुङ, सुमन कार्कीलगायतको पनि अभिनय छ । फिल्ममा रविन्द्र सिंह बानियाँ कार्यकारी निर्माता तथा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल निर्माता छन् । 'जात्रा' श्रृंखलामा पहिलोपटक हरिवंश आचार्य भित्रिएकाले उनको भूमिकाप्रति धेरैमा चासो छ ।

'ए मेरो हजुर ५'को तयारीमा झरना

काठमाडौं /विश्वमै सिरिज फिल्मप्रति मेकर र दर्शकको आकर्षण अद्भुत छ । यसैले सफल फिल्मको नाममा थुप्रै श्रृंखला निर्माण भएका छन् । नेपालमा पनि व्यावसायिक हिसाबले सिरिज फिल्म नै सर्वाधिक सफल देखिन्छन् । यसमा 'ए मेरो हजुर' सिरिज पनि पर्छ । यसका चारवटा श्रृंखला निर्माण भैसकेका छन् । तर, पहिलो श्रृंखलाको गर्विलो साख अरुले जोगाउन नसकेको टिप्पणी हुँदै आइरहेको छ ।

अब 'ए मेरो हजुर'को पाँचौं श्रृंखला निर्माण हुने भएको छ । यस वर्षको भदौमा प्रदर्शन भएको फिल्म 'एक भगवत् र एक गीता'को असफलताले हच्किएकी निर्देशक झरना थापाले अंग्रेजी नयाँ वर्ष (२०२४)को अवसर पारेर

'ब्याड ब्वाई' निर्देशकको अभिनय मोह

काठमाडौं /निर्देशन र अभिनय फरक-फरक विधा भए पनि दुवैमा उपस्थिति जनाउने नेपाली फिल्ममा धेरै पात्र छन् । यसमध्येमा पर्छन्, बरुण अधिकारी । उनको परिचय निर्देशकको रुपमा बनेको छ । 'प्रियसी' र 'ब्याड ब्वाई' गरी दुई फिल्मको निर्देशन गरिसकेका उनको अभिनय मोह भने म्यूजिक भिडियोमा देखिँदै आएको छ । उनले आधा दर्जनभन्दा बढी म्यूजिक भिडियोमा काम गरिसकेका छन् ।

यसबीच, बरुण अभिनीत नयाँ गीत 'चाहन्छु ५' सार्वजनिक भएको छ । प्रताप दासको गायन रहेको गीतमा सरोज पोखरेलको शब्द रचना र संगीत, देवेश राईको एरेन्ज र किशोर थापाको मिक्सिङ तथा मास्टरिङ छ । भिडियोमा बरुणको अपोजिटमा 'सकम्बरी' गीतकी मोडल कुशुम शर्माले अभिनय गरेकी छन् । उनी चडिँ फिल्म 'सञ्जीवनी'बाट अभिनेत्रीको रुपमा डेब्यू गर्ने तयारीमा छिन् ।

सोमबार इन्स्टाग्राम स्टोरीमा उदाउँदो सूर्यको तस्वीर साझेदार गर्दै 'ए मेरो हजुर ५' निर्माणको घोषणा गरेकी हुन् । उनले फिल्मबारे अरु जानकारी भने गराएकी छैनन् ।

'ए मेरो हजुर २'देखि झरना आफैंले निर्देशनको जिम्मेवारी सम्हाल्दै आएका छिन् । पाँचौं श्रृंखलालाई पनि उनले नै निर्देशन गर्नेछिन् । फिल्ममा उनकै छोरी तथा अभिनेत्री सुहाना थापा मुख्य भूमिकामा प्रस्तुत हुने चर्चा छ । मुख्य अभिनेतामा भने झरनाको पहिलो रोजाईमा अनमोल केसी छन् । फिल्मको अघिल्लो दुई श्रृंखलामा अनमोल र सुहानाले जोडी भएर एकसाथ काम गरिसकेका छन् ।

झरनाले यस वर्ष 'ए मेरो हजुर' श्रृंखलालाई थाती राख्दै लैंगिक अल्पसंख्यक समुदायको कथामा 'एक भगवत् र एक गीता' बनाएकी थिइन् । फिल्मले उठाएको विषयवस्तुको राम्रै प्रशंसा भएको थियो । तर, लेखन र प्रस्तुतीकरण कमजोर हुँदा फिल्म सफलताबाट बञ्चित हुन पुग्यो । उक्त फिल्ममा भएको घाटाको भरपाई अब झरनाको परिवार 'ए मेरो हजुर ५'बाट गर्ने योजनामा देखिएको छ ।

यु-१९ विश्वकपमा नेपालको लक्ष्य सुपर ६

काठमाडौं/नेपाली यू-१९ टिमले दक्षिण अफ्रिकामा हुने विश्वकपको तयारी पूरा गरेको छ । विश्वकप खेल्ने टिम सार्वजनिक त भएको छैन, तर बन्द प्रशिक्षणमा रहेका टोलीका सदस्यहरुले विश्वकपमा कम्तीमा सुपर ६ पुग्ने लक्ष्य सुनाएका छन् ।

सन् २०१६ को विश्वकपमा नेपालले आयरल्यान्ड र न्युजिल्यान्डलाई समूह चरणमा पराजित गर्दै सुपर ८ मा स्थान बनाएको थियो । त्यसपछि पहिलो पटक विश्वकप खेल्न लागेको नेपालले सुपर ६ को लक्ष्य राखेको छ ।

नेपाली टिम रहेको समूह डी मा पाकिस्तान, अफगानिस्तान र न्युजिल्यान्ड रहेका छन् । नेपालले पहिलो खेल जनवरी २१ मा न्युजिल्यान्डसँग खेल्नेछ ।

नेपालको यू-१९ टिमको कप्तान देव खनाल आफूहरुको राम्रो नतिजा ल्याउने र खेल जित्ने नै रहेको बताउँछन् । त्यसमा सहमत प्रशिक्षक जगत टमटा भन्छन्, 'हाम्रो पहिलो लक्ष्य सुपर ६ हो त्यसपछि हामी सेमिफाइनलका लागि सोच्नेछौं ।'

एसिया कप ठूलो सिक्ने अवसर

नेपालले विश्वकपअघि मंसिरमा पाकिस्तान र श्रीलंकामा भएको यू-१९ एसिया कपमा भारत, पाकिस्तान र अफगानिस्तानसँग

खेल्यो । तीनवटै खेल हारेर समूह चरणबाट बाहिरिएपनि विश्वकपका लागि राम्रो तयारी भएको खनाल बताउँछन् ।

'एसिया कपमा हामीले सोचेको जस्तो खेल्न सकेका थिएनौं । हामी सबैकुरा सुधार्दै कसरी विश्वकपमा राम्रो रिजल्ट दिने भन्ने कोशिसमा हुनेछौं' उनले भने ।

एसिया कपबाट फर्केपछि नेपाली टोलीले त्यहाँ गरेका कमजोरी सुधार्ने अभ्यास गरेको कप्तान देवले बताए । 'त्यहाँबाट आएर हामी त्यसैको मात्रै अभ्यास गरिरहेका छौं । बाउन्स विकेटको अभ्यास गरिरहेका छौं', उनले भने ।

सिनियर टिमबाट समेत खेलिसकेका यू-१९ टिमका सदस्य गुल्सन झा एसिया कपबाट विश्वकपको राम्रो तयारी भएको बताउँछन् । 'एसिया कपमा ब्याटिङमा राम्रो भएन । त्यहाँको कमजोरीमा हामीले काम गरेका छौं' उनले भने ।

एसिया कपमा नेपालले खेलेको ३ खेलमा ओपनर ब्याटर अर्जुन कुमालको प्रदर्शन सन्तोषजनक नै थियो । उनी विश्वकपमा आफ्नो प्रदर्शन अझै सुधार्ने बताउँछन् । 'ठूलो टेष्ट नेसनसँग खेल्न र रन बनाउन चाहन्छु । विश्वकप छुनोटदेखि मेरो प्रदर्शन राम्रो भइर हेको छ । विश्वकपमा पनि रन बनाउने सोचमा छु' उनले भने ।

नेपालको लागि एसिया कप निकै ठूलो सिकाइ भएको प्रशिक्षक जगत टमटा बताउँछन् । 'मैले त्यति धेरै स्वीङ र टर्न होला भन्ने सोचेको थिइन । यो हाम्रो लागि विश्वकपमा पनि निकै राम्रो सिकाइ भएको छ' उनले भने ।

विद्यार्थी आकर्षण गर्ने जनसंख्या केन्द्रीय विभागको योजना

काठमाडौं /त्रिभुवन विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्रीय विभागले विद्यार्थी आकर्षण गर्न विभिन्न योजना सार्वजनिक गरेको छ । विभागका अनुसार २४ पुससम्म जुनसुकै विषयमा स्नातक गरेको विद्यार्थीले भर्नाका लागि आवेदन दिन सक्नेछन् ।

त्यस्तै मेरिट र कक्षा क्रियाशीलताका आधारमा ५ जना विद्यार्थीले छात्रवृत्ति पाउने, अर्को वर्ष आयोजना हुने अन्तर्राष्ट्रिय जनसंख्या सम्मेलन तथा राष्ट्रिय तथ्यांक कार्यालयसँग समझदारी भई जनगणनाका तथ्यांकहरुको आधारमा तयार हुँदै गरेका थिम्याटिक रिपोर्टहरुमा इन्टर्नसीपको व्यवस्था हुने पनि विभागले जनाएको छ ।

त्यस्तै विभागमा कार्यरत प्राध्यापकहरुको पहलमा गरिने अध्ययन अनुसन्धानमा रिसर्च असिस्टेन्टको रुपमा काम गर्ने अवसर पाउने र जनसंख्या अध्ययन अनुसन्धान गर्न आवश्यक पर्ने कम्प्युटर सफ्टवेयरहरु सिक्ने अवसर पाउने जनाएको छ ।

बसाइँसराई, घट्दो जन्मदरका कारण आन्तरिक जनसंख्याको वितरण सन्तुलित हुन नसकेको अवस्थामा जनसंख्या अध्ययनमा राम्रो सम्भावना रहेको विभागको भनाइ छ । जनसंख्या अध्ययन गर्ने विद्यार्थीको भविष्य उज्वल भएपनि यसको महत्व तथा फाइदालाई बृहत बनाउन नसक्दा विद्यार्थीको आकर्षण नबढेको विभाग प्रमुख डा.योगेन्द्रबहादुर गुरुङ बताउँछन् । 'जनसंख्या अध्ययनले रिसर्चर, मनिटरिङ इभ्यालुएसन एक्सपर्ट, नीति निर्माता जस्ता जनशक्ति उत्पादन हुन्छ', उनी भन्छन् 'तथ्याङ्क विश्लेषण र सफ्टवेयरहरुमा पोख्त भएपछि बेरोजगार हुनुपर्ने अवस्था छैन र योसँग जोडिएका विषयमा अध्ययन गर्न सहजै अवसर पाइन्छ ।'

आर्थिक, राजनीतिक, भौगोलिक, जनसांख्यिक हरेक दृष्टिकोणबाट समाज अध्ययन गर्नको लागि जनसंख्या अध्ययन जरुरी रहेको उनको तर्क छ । हाल स्नातकोत्तर तहमा जम्मा पाँच जना विद्यार्थी अध्ययरत रहेको विभागले जनाएको छ । एमफिल र पीएचडीमा समेत गरी २२ जना अध्ययनरत छन् ।

२०४५ सालमा मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत खुलेको विभागले अहिलेसम्म स्नातकोत्तर तहमा दुई हजार ३०० जना भन्दा बढी, एमफिलमा १८२ जना र पीएचडीमा १९ जनशक्ति उत्पादन गरिसकेको छ ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मकवानपुरमा ७७ जनामा अटिजम, पहिचानमा कठिनाई

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ बागमती प्रदेशमा अटिजम देखापरेको संख्या एक हजार भन्दा बढी रहेको पाइएको छ । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले अटिजमसम्बन्धी छलफल गर्दै अटिजमबारे जानकारी दिएको हो ।

मन्त्रालयका डा. साकार खनालद्वारा प्रस्तुत गरिएको तथ्यांकमा बागमती प्रदेशमा सबैभन्दा बढी काठमाडौंमा अटिजम रहेको पाइएको छ । मकवानपुरमा अटिजमको समस्या ७७ जनामा हालसम्म देखापरेको छ । मकवानपुरमा ४७ जना महिला र ३० जनमा पुरुष गरी ७७ जनामा अटिजम समस्या रहेको मन्त्रालयले जनाएको छ । तर, यो तथ्यांक अटिजम भएकाको वास्तविक तथ्यांक भने होइन । मन्त्रालयले अटिजमको पहिचानमा कठिनाई भएकाले घरभित्रै लुकेर रहेको आशंका व्यक्त गरेकोछ । जसकारण मकवानपुरमा ७७ भन्दा बढी बालबालिकामा अटिजम हुनसक्ने अनुमान मन्त्रालयले गरेको छ ।

बागमती प्रदेशमा एक हजार २ सय ५३ जनामा अटिजमको समस्या रहेको छ । काठमाडौंमा ४ सय ९५, ललितपुरमा ८३, भक्तपुर ७८, चितवन १ सय १३, मकवानपुर ७७ र नुवाकोटमा ६५ जनामा अटिजमको अवस्था रहेको डा. खनालले जानकारी दिए । त्यस्तै सिन्धुपाल्चोकमा ५४, दोलखा ३३, सिन्धुली ६५, रामेछाप २८, काभ्रे ६५ र रसुवामा १७ जनामा अटिजमको अवस्था रहेको उनले बताए ।

नेपालमा ३ लाख नागरिकमा अटिजमको समस्या रहेको छ । अटिजम केयर नेपाल सोसाइटीका प्रमुख डा. सुरेन्द्र बज्राचार्यले जन्मजात न्युरो डेभलपमेन्ट डिअर्डर हुनु अटिजमको समस्या रहेको बताउँदै नेपालमा करिब ३ लाख नागरिकमा

अटिजमको समस्या रहेको जानकारी दिए । उनले सन् २००० देखि अटिजमको समस्या ३ सय १७% ले बृद्धि हुँदै गएको बताए । परिवारमा एकजनालाई अटिजमको समस्या देखिए अरूलाई हुने सम्भावना १५-२० प्रतिशत हुने ब्रजाचार्यले बताए ।

विश्वमा ३६ जनामध्ये १ जनामा अटिजमको समस्या देखा पर्ने उनले बताए । अटिजम समस्याको मेडिकल जाँच तथा औषधिउपचार नभएको तर, थेरापीले केही कम हुने उनले जानकारी दिए । कार्यक्रममा अटिजमको अन्तराष्ट्रिय, राष्ट्रिय तथा प्रदेशको विद्यमान अवस्था, बागमती प्रदेशभित्र अटिजमको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाको नक्शांकन, अटिजम सम्बन्धी जनस्वास्थ्य क्षेत्रबाट सम्बोधन गर्न सकिने सवालकाबारेमा स्वास्थ्यक्षेत्रले अटिजमसम्बन्धी गर्न सक्ने कार्यक्रमको कार्ययोजना तयार, मन्त्रालय र सरोकारवाला निकाय बीचको समन्वय र सहकार्यलाई सुदृढीकरण गर्ने लगायत विषयमा छलफल भएको हो ।

कार्यक्रममा देशभर अटिजमको जनचेतनाको कमी, अभिभावक, शिक्षक तथा स्वास्थ्यकर्मीले अटिजमको अवस्थालाई पहिचान गर्न सक्ने क्षमताको कमी, अटिजम सम्बन्धी स्वास्थ्यसेवाको कमी, शीघ्र जाँच पहिचान र निदानमा समस्या, शीघ्र हस्तक्षेपकारी भूमिका र पुनर्स्थापनामा समस्या, अटिजम सम्बन्धी विषेशज्ञ जनशक्तिको कमी, हैविलिटेशन तथा पुनर्स्थापनामा समस्या रहेको बताइएको छ । यस्तै अटिजमको पूर्ण तथ्यांकको कमी, अटिजमसम्बन्धी अनुसन्धानको कमी, अटिजमसम्बन्धी नीतिको कमी, अटिजम भएका व्यक्तिका लागि आवश्यक सेवा तथा सुबिधाको कमी, रोजगारीमा समस्या रहेको बताइएको छ ।

कार्यक्रममा अटिजम भएका बालबालिकाको अभिभावकले स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीमा अटिजमबारे जानकारी नहुँदा उपचार गराउन समस्या पर्ने गरेको बताए । अटिजम बालबालिकाको उपचार पहुँच हुनेको छिटोछरितो हुने, पहुँच नहुनेको उपचार गराउन नसक्ने रहेको अभिभावकले बताउँदै अटिजम भएका बालबालिका हुर्काउन अति गाह्रो हुने भएकोले तालिमको व्यवस्था गरिदिनुपर्ने माग प्रदेश सरकारसँग राखेका छन् । बालबालिका एक्लै बस्ने, आँखा नजुधाउने, शब्द वा वाक्यांश दोहोऱ्याउने, बोलाउँदा नबोल्ने, साधारण तरिकाबाट कुनै कुरा सिक्न नसक्ने, असामान्य व्यवहार गर्ने गरेमा अटिजमको समस्या भएको आशंका गर्न सकिने कार्यक्रममा बताइएको छ ।

६ नम्बर वडाको शान्तिटोलमा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/हेटौंडा उपमहानगरपालिका-६, शान्ति टोलमामा वृक्षरोपण गरिएको छ । शान्तिटोल टोल विकास संस्थाले सडकको दायाँबाया विभिन्न प्रकारका फूलका बिरुवारोपण गरेको हो ।

वृक्षरोपणको शुभारम्भ गर्दै हेटौंडा उपमहानगरपालिका नगर प्रमुख मीनाकुमारी लामाले सामाजिक विकास र नगर सौन्दर्य बनाउने कार्यमा आफूले सदैव सहयोग गर्ने बताइन् । उनले शान्तिटोल विकास संस्थाले टोलको विकास, धार्मिक स्थलको संरक्षण गर्नुको साथै टोलबासीको हितमा काम गरेको बताइन् । हेटौंडा उपमहानगर पालिका सदैव नगरबासीको हितमा काम गर्दै आएको र भविष्यमा नगरको पहिचान बनाउने काममा लागिरहने बताइन् ।

शान्तिटोल टोल विकास संस्थाले विभिन्न व्यक्तिको सहयोगमा शान्तिटोलदेखि चुच्चेखोला बजार सम्म सडकको दायाँबाया २ सय वटा गमलामा कलवेरी, धूपी, रेक्सोनापाम लगायतका फूलका बिरुवा रोपी सडकको सौन्दर्यता बढाएको छ । कार्यक्रमा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य विजय पौडेल, लेखराज ढकाल, भूमि आयोग मकवानपुरका विज्ञसदस्य अर्जुनप्रसाद चौलागाई, दुग्ध विकास बोर्ड बागमती प्रदेशका सञ्चालक सदस्य बासुदेव अधिकारी, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, विपी गणेशमान स्मृति शान्तिपार्क अध्यक्ष भीमसेन पौडेल लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा ज्येष्ठ नागरिक वडामञ्च हेटौंडा-६ का अध्यक्ष बासुदेव सापकोटा, मुनलाईट ईन्टरनेशनल स्कूलका प्रवन्ध निर्देशक भरत सापकोटा, टोल विकास संस्था वडासमन्वय समिति, हेटौंडा-६ का उपाध्यक्ष रमेशकुमार थापा, नवजीवनज्योति क्लवका सचिव राजकुमार फुयाँल, टोल विकास संस्थाका सचिव प्रदीप ढुङ्गाना, कोषाध्यक्ष पूर्णभद्र चौलागईलगायतको सहभागिता थियो । कार्यक्रम शान्तिटोल टोल विकास संस्थाका अध्यक्ष केशव धितालको सभाध्यक्षतामा भएको थियो ।

मनहरीमा श्रृंखलाबद्ध जंगली हात्ती आतंक

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा जंगली हात्तीको आतंक अझै रोकिएको छैन । मंगलबार बिहान मनहरी-७ रमौलीमा जंगली हात्तीले ४ वटा घरमा क्षति पुऱ्याएको छ ।

यसअघि समेत पटक पटक मनहरी गाउँपालिकाका स्थानीयको घरमा हात्तीले क्षति पुऱ्याएको थियो । मगलबार जंगली हात्तीको आक्रमणबाट स्थानीय खड्गबहादुर थिङको काठ र टिनले बनेको भान्साकोठा, भगवती सुवेदीको घर अगाडिको काठको पाली, अर्जुन दाहालको घर अगाडिको पाली भत्काई १ बोरा धानमा क्षती पुऱ्याएको र चित्रबहादुर घलानको घरको जस्ता भत्काएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

हाती आएर क्षति गरेको सूचना पछि स्थानीय, नेपाल प्रहरी र पर्सा राष्ट्रिय निकुञ्जबाट नेपाली सेनाको टोलीले हात्तीलाई जंगलतर्फ लखेटेको तर, मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ । गत शुक्रबार मध्यरातमा जंगली हात्तीले मनहरी-७ शान्तिटोलमा तीनवटा भरत क्षति पुऱ्याएको थियो । यसैगरी हात्तीकै आक्रमणबाट पुष ७ गते शनिबार मनहरी-७ बिजौना बस्ने ५१ वर्षीया कान्छिमाया तामाङलाई आक्रमण गरी घाइते बनाएको थियो ।

पुस १ गते राती हात्तीले मनहरी-८ सिम्पानीस्थित टल्के चेपाडको ढुंगा र जस्ताले बनेको १ तले घरमा पूर्ण क्षति पुऱ्याएको थियो । यसैगरी हात्तीले स्थानीय रामबहादुर

तामाङको गोठमा क्षति पुऱ्याएको थियो । मनहरीमा पछिल्लो समय जंगली हात्तीको आतंक बढेसँगै मकवानपुर क्षेत्र नं. २ का सांसद महेश बर्तौला प्रभावित क्षेत्र पुगेका छन् । सांसद बर्तौलाले हात्तीबाट स्थानीयले भोगेका पीडा सुनिसके पछि भने कङ्क्रीट पर्खाल अधुरो हुँदा जंगली जनावरको त्राश कायमै रहेको र पुर्जाका लागि नापजाँच सुरु भए पनि निकुञ्जका कारण रोकिएकाले मध्यवर्ती क्षेत्रको कानुन संशोधन आवश्यक भएको बताए ।

घर र घरमा भएको अन्नपातमासमेत क्षति पुऱ्याउने गरेपछि जंगली जनावर प्रभावित स्थानीयको समस्या सुन्न आएका बर्तौलासँग स्थानीयले राप्ती खोलामा तटबन्ध निर्माण हुनुपर्ने माग गरेका थिए । स्थानीयले हात्तीबाट धनजनको क्षति हुनबाट रोक्न कङ्क्रीट पर्खाल आवश्यक भएको बताएका छन् । यसक्षेत्रको केही स्थानमा कङ्क्रीट पर्खाल निर्माण भए पनि पर्खाल नभएको स्थानबाट हाती बस्तीमा छिरेर क्षति पुऱ्याइदिने गरेको छ ।

मकवानपुर उद्योग वाणिज्य संघको

वार्षिक सभा सम्बन्धी सूचना

यस संघको ५७ औं वार्षिक साधारण सभा यहि मिति २०८० पौष २१ गते शनिबार बिहान ८ बजेबाट पल्पसा सदन, हेटौंडा-२ मा आयोजना हुने भएकाले संघका सदस्यहरुको उपस्थितिको लागि सादर निमन्त्रणा गर्दछौं ।

मकवानपुर उद्योग वाणिज्य संघ
हेटौंडा, मकवानपुर

महायज्ञमा नेता घलानद्वारा दुईलाख रुपैयाँ सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुरको बकैया गाउँपालिका-३ हात्तीसुँडेस्थित बुद्ध माद्यमिक विद्यालयलाई बहुमुखी क्यामपस सञ्चालन गर्ने उद्देश्यले आयोजित श्रीमद्भागवात सप्ताह ज्ञानमहायज्ञमा सहयोग जुट्ने क्रम जारी छ ।

महायज्ञमा स्थानीय कांग्रेसका युवानेता कालु घलानले दुईलाख पाँच हजार ५ सय ५५ रुपैयाँ क्याम्पस सञ्चालनका लागि भन्दै आर्थिक सहयोग गरेका छन् । नेपाल तामाङ घेदुङ, मकवानपुर जिल्ला समन्वय समिति अध्यक्ष तथा नेपाली काँग्रेस मकवानपुर जिल्ला सदस्य रहेका घलानले बहुमुखी क्याम्पस सञ्चालन सहयोगार्थ नगद दान गरेका हुन् । बागमती र बकैयाक्षेत्रका विद्यार्थीलाई उच्चशिक्षा अध्ययन सहज गर्न महायज्ञ लगाइएको हो । महायज्ञबाट संकलित रकमले बहुमुखी क्याम्पस सञ्चालन गर्ने विद्यालयको तयारी रहेको छ ।

यसक्षेत्रका विद्यार्थीले हेटौंडामा कोठा लिएर बस्नुपर्ने बाध्यात्मक परिस्थिति रहेको छ । नेता घलानले आफ्नो जन्मथलोको रुपमा रहेको गाउँपालिकामा बहुमुखी क्याम्पस बन्न लागेकोले आफूले सकेको सहयोग गरेको बताए । उनले करिब ९० बर्ष अघिदेखि घलान परिवार सोही गाउँपालिकाको शिखरपुरमा बसोबास गर्दै आएको बताउँदै चेतनाको मुल स्रोत नै शिक्षा रहेकोले विद्यार्थीको शिक्षामा सहजता ल्याउन अभिभावकको मुख्य जिम्मेवारी रहने बताए ।

प्राविधिक र किसानलाई बीउ आलु उत्पादनबारे तालिम

हेटौंडा, १७ पुस/थाहा नगरपालिका कृषि विकास शाखाको आयोजनामा बीउ आलु उत्पादन सम्बन्धी ३ दिने तालिम सुरु भएको छ ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा पुस १७ देखि १९ गतेसम्म संचालन हुने तालिममा थाहा नगरपालिकाभित्र रहेका शुभारम्भ कृषक कृषि सहकारी संस्था, थाहा-३ बाट ११ जना झम्केश्वरी कृषक समूह, थाहा-१ बाट ८ जना सुन्दरीदेवी कृषक समूह थाहा-७ बाट ३ जना, वडा प्राविधिकहरुको सहभागिता रहेको छ ।

ब्लु बुक हराएको सूचना

निम्न व्यहोरा भएको अटोको ब्लु बुक मिति २०८० साल मंसिर २८ गते हेटौंडा-१ चौकीटोलबाट बुढचोक जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

सवारी मोडल : अटो
सवारी नम्बर: ना प्र-०३-००१ ह ०१३३
सवारी धनीको नाम: गिता बहादुर श्याङ्ताल, आमभञ्याङ-१, मकवानपुर
चेसिस नम्बर: MD2A25BY8KWD70625
इन्जिन नम्बर: AZYWKD88029
सम्पर्क फोन नम्बर: ९८४५०००६०५

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति २०८०।०९।१८)

बागमती प्रदेश मकवानपुर जिल्ला मकवानपुरगढी गाउँपालिकाद्वारा देहाय बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ । सो प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा परिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न मकवानपुरगढी गाउँपालिकाको २, ३, ४, ५, ६ र ७ नम्बर वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

प्रस्तावकको नाम र ठेगाना	मकवानपुरगढी गाउँपालिका, मक्रान्चुली, मकवानपुर makawanpurgadhi.rmc@gmail.com फोन नं.९८५५०८८९६६
प्रस्तावको व्यहोरा	मकवानपुरगढी गाउँपालिका वडा. नं. २, ३. ४, ५, ६ र ७ अन्तर्गत सामरी खोला, ज्यामिरे खोला तथा कार्कि खोलाको बगर क्षेत्रको तोकिएको स्थानबाट ढुंगा, गिट्टी, वालुवा तथा नदीजन्य पदार्थ उत्खनन/संकलनका कार्यको लागि
प्रभाव पर्न सक्ने क्षेत्रहरु	मकवानपुर जिल्ला, मकवानपुरगढी गाउँपालिकावडा नं.२, ३, ४, ५, ६ र ७
परामर्शदाताको नाम र ठेगाना	नुतन मल्टिसपोर्ट कन्सल्टेन्सी प्रा.लि.ललितपुर-२५ samitkly@gmail.com फोन नं.९८५५०७६१२२

प्रमुख प्रशासकिय अधिकृत

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रयल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५७०९४७५, ९८७०२८४६७४, ९८४५६२३५६२

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरु:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना